नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,प्रबन्ध महाशाखा
हलचोक काठमाण्डौ

**राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. APF/NCB/G/V/10/2075/076**

सूचना प्रकाशित मिति २०७६।०१।१३ गते ।

१. आ.ब. २०७५/०७६ मा सशस्त्र प्रहरी बल, नेपालको लागि आवश्यक भएका निम्नानुसारका सवारी साधनहरु e-bidding को माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य बोलपत्रदाताहरुबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्नः-**

| क्र.सं. | बोलपत्र आव्हान सूचना नं. | सवारी साधनको विवरण | परिमाण तथा इकाई | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १. | APF/NCB/G/V/10/01/2075/076 | 4X4 Double Cab Pick-up | २३ थान | ५,०००।- | २१,००,०००।- |
| २. | APF/NCB/G/V/10/02/2075/076 | Pick-up | १९ थान | ५,०००।- | ११,००,०००।- |

२. सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal: www.bolpatra.gov.np/egp बाट माथि उल्लिखित सवारी साधनहरु खरिद सम्बन्धी e-bidding को कार्य हुनेछ । उक्त web मा Login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले भाग लिन सक्नेछन ।

३. बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नु पर्ने सम्पूर्ण कागजातहरु मिति २०७६/०२/१३ गते १२०० बजे भित्र www.bolpatra.gov.np/egp मा Scanned Copy PDF Format मा Upload गरी सक्नु पर्नेछ ।

४. बोलपत्र सम्बन्धी कागजातको दस्तुर माथि तोकिए बमोजिम फिर्ता नहुने गरी म.ले.नि.का., काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित राजश्व खाता नं. १०००२०००१०००० मा राजश्व शिर्षक नं. १४२२९, कोड नं. ३१४०५३५१० मा नगदै जम्मा गरेको बैंक भौचरको Scanned Copy PDF Format मा Upload गर्नु पर्नेछ ।

५. बोलपत्रसाथ को.ले.नि.का, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाण्डौ स्थित धरौटी खाता नं. ११००२०३, यस कार्यालयको कोड नं. २७-३१४-५४ मा माथि तोकिए बमोजिमको रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको "क" बर्गको मान्यता प्राप्त कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात १२० दिन हुनु पर्नेछ ।

६. Pre Bid Meeting मिति २०७६/०२/०२ गते १३०० बजे यस कार्यालयमा हुनेछ ।

७. बोलपत्रदाताले पेश गरेको Online बोलपत्र सो बोलपत्र पेश गर्ने अन्तिम समय भित्र प्रणालीमा प्रविष्टी (Login) गरी Online फिर्ता लिन वा संशोधन गर्न सक्नेछन ।

८. e-submission भएका बोलपत्रहरु मिति २०७६/०२/१३ गते १३०० बजे आमन्त्रित प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु वा निजहरुको वारेश प्रतिनिधिहरु एवं बोलपत्र खोलुवा समितिको रोहवरमा प्रबन्ध महाशाखामा खोलिने छ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

९. बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ ।

१०. बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. बोलपत्र कागजातमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन -२०६३ र सार्वजनिक खरिद नियमावली -२०६४ बमोजिम हुनेछ ।

१२. बोलपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन.नं.०१-४२८९७४९ मा सम्पर्क गर्न सकिने छ । साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np र www.ppmo.gov.np मा समेत हेर्न सकिने छ ।